नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## यातायात व्यवस्था विभाग

# मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४




काठमाडौं

२०७४

# मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४

**स्वीकृत मिति: २०७४/१२/१६**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९९, ११६, ११७, १५३ को (क) (ग) र (च), १६० को २ (क) र १६४ को १ (ण), ५ र ६ एवं सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १६ का प्रावधानहरु कार्यान्वयन गर्ने मालवाहक सवारी साधनहरुको वजनको निर्धारण र नियमन गरी सडक संरचनाको संरक्षण तथा यातायात व्यवस्थापनमा पर्ने असरहरुलाई न्यूनीकरण गर्ने उद्देश्यले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७४/१२/७ गतेको सैद्धान्तिक सहमति अनुसार सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ दिएको अधिकार प्रयोग गरी यातायात व्यवस्था विभागद्वारा **"मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७१"** लाई संसोधन गरी यो निर्देशिका जारी गरिएको छ।

**१. संक्षिप्त नाम प्रारम्भ:**

१) यो कार्यविधिको नाम "मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४" रहेको छ।

२) यो निर्देशिका यातायात व्यवस्था विभागबाट स्वीकृत भएको मितिबाट लागूहुनेछ।

२. **परिभाषा**: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

(क) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनुपर्छ

(ख) "नियम" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनुपर्छ।

(ग) "विभाग" भन्नाले यातायात व्यवस्था विभागलाई सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले यातायात व्यवस्था विभाग अन्तरगतका कार्यालयलाई सम्झनुपर्छ।.

(ङ) "तौलपुल" भन्नाले मालवाहक सवारी साधनको कूल वजन जोख्ने प्रयोजनको लागि सडक किनारामा स्थापना गरिएको उपकरण वा यन्त्र सहितको संरचनालाई सम्झनुपर्छ।

(च) ‘‘एक्सल लोड’’ भन्नाले सवारी साधनको कुनै एउटा एक्सलको वजनलाई सम्झनुपर्दछ।

(छ) "पोर्टेवल (Portable) एक्सल लोड मापन उपकरण" भन्नाले मालवाहक सवारी साधनको भारवहन नियमन प्रयोजनका लागि आवश्यकता अनुसार स्थलगत रुपमा एक्सल लोड मापन गर्नका लागि प्रयोग हुने यन्त्रलाई सम्झनुपर्दछ।

(ज) "मालवाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सवारीसाधनलाई सम्झनुपर्दछ।

(झ) "भारवहन क्षमता" भन्नाले मालवाहक सवारीका लागि यस निर्देशिकाले **अनुसूची-१** मा तोकेको कूल वजनलाई सम्झनुपर्छ।

(ट) "लोडसिट" भन्नाले मालवाहक सवारीको साधनको कुल वजन प्रमाणित हुने सम्बन्धित सरकारी निकाय वा कानून बमोजिम गठन भएका संगठित निकायले संचालन गरेको तौलपुलद्वारा प्रमाणित गरिएको कम्प्युटर प्रिन्ट भएको पर्चालाई सम्झनुपर्छ।

## ३. मालवाहक सवारीको तौलको निरीक्षण तथा अनुगमन:

१) प्रत्येक मालवाहक सवारी साधन संचालकले उक्त मालवाहक सवारीले बोकेको सामान सहितको सवारीको कूल वजन खुल्ने लोडसिट वा आधिकारिक प्रमाण साथमा लिई मात्र सवारी साधन संचालन गर्नुपर्नेछ। मालवाहक सवारीको अनुगमन गर्ने यातायात व्यवस्था विभाग वा विभाग अन्तरगतका कार्यालय वा सम्बन्धित निकायले यस्तो प्रमाण समेतको आधारमा नियमन गर्न सक्नेछन्।

२) भारवहन नियन्त्रण तथा अनुगमन गर्नका लागि सम्बद्ध निकायहरुले व्यक्ति वा फर्म वा कम्पनी वा संस्थाले स्थापना गरेका वा संचालन गरेका तौलपूलको उपयोग गर्न सक्नेछन्।

३) अनुगमनको समयमा मालवाहक सवारीको चालकले देखाएको लोडसिटमा शंका लागेमा अनुगमन गर्ने कर्मचारी वा ट्राफिक प्रहरीले पुनः नजिकको तौलपूलको प्रयोग गरी कूल वजनको यकिन गर्न सक्नेछ।

४) द्विपक्षीय, त्रिपक्षीय वा बहुपक्षीय सम्झौता अनुरुपका मालबाहक सवारी साधनहरुद्वारा आयातित सामानहरुको ढुवानी गर्नका लागि भन्सार कार्यालय परिसरमा नै मालवाहक सवारीको भारवहन क्षमता अनुसार मिलान गरी मात्र ढुवानी गर्नु सम्बन्धित यातायात सेवा सञ्चालकको जिम्मेवारी हुनेछ ।

५) भारवहन नियमन गर्न पोर्टेवल एक्सललोड मापन उपकरणको समेत प्रयोग गरी समय समयमा अत्याधिक भारवहन नियन्त्रण तथा अनुगमन गरिने छ ।

६) मालवाहक सवारीले प्रस्थान बिन्दु नजिक, मध्य बिन्दु र गन्तब्य नजिकको तौलपुलमा अनिवार्य रुपमा तिन पटक तौल गराई लोडसिट साथमा राख्नु पर्नेछ ।

**४. तौलपूल स्थापना तथा संचालन सम्बन्धी व्यवस्था:**

१) भारवहन नियन्त्रण गर्न यातायात व्यवस्था विभाग वा सम्बन्धित निकायले आवश्यकता अनुसार सडकको किनारामा तौलपूलको स्थापना गर्न सक्नेछ । यसरी स्थापना भएका तौलपूलहरुको सञ्चालन नियामक निकायले तोके बमोजिम हुनेछ ।

२) मालवाहक सवारीको भारमापन प्रयोजनका लागि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सडकको किनारमा तौलपूल स्थापना तथा संचालन गर्नका लागि यातायात व्यवस्था विभागबाट अनुमति लिनुपर्नेछ । विभागले अनुमति दिंदा देहाय अनुसारको विषयमा ध्यान दिने छ:

- दुईवटा तौलपुल बीचको दुरी,
- स्थापना गर्ने तौलपुलले सेवा प्रदान गर्ने सवारीहरुको संख्या,
- तौलपुलले स्थानीय बजार वा वस्तीलाई पार्न सक्ने प्रभाव
- अन्य प्रभावहरु ।

३) फर्म वा कम्पनी वा संस्थाले तौलपूल संचालन गर्नका लागि विभागमा अनुमति माग गर्दा निम्न अनुसारका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) कम्पनी वा उद्योग वा साझेदारी ऐन तथा निजी ऐन द्वारा उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि।

(ग) प्रयोग हुने जमीनको लालपूर्जा र भाडा संम्झौता सम्बन्धी कागजात।

५. **तौलपूलको गुणस्तर र व्यबस्थापन:**

१) सबै प्रकारका मालवाहक सवारी साधनहरु सहज तरिकाले तौल गर्न सकिने किसिमको गुणस्तरको तौलपूल जडान गरेको हुनु पर्नेछ। तौलपूलको प्रयोग गर्दा नेपाल गुणस्तर तथा नापतौल विभाग वा अधिकार प्राप्त निकायबाट प्रमाणित र आवधिक रुपमा नवीकरण गरिएको उपकरणको मात्र प्रयोग गरेको हुनुपर्नेछ।

२) संचालनमा ल्याईएको तौलपुल तोकिए बमोजिमको गुणस्तर नभएको वा व्यवस्थापन पक्षमा आवश्यक सुधारका लागि दिएको निर्देशन कार्यान्वयन नगरेमा यातायात व्यवस्था विभागले त्यस्तो तौलपूलको लोडसिटलाई मान्यता दिनेछैन।

६. **शुल्क र लोडसिट सम्बन्धी व्यबस्था:**

१) संचालकले प्रति मालवाहक सवारी साधन तौल गरे वापतको शुल्क बढीमा रु. ५०/- (रु. पचास) सम्म लिन सक्नेछ ।

२) शुल्क सम्बन्धी कुनै विवाद भएमा विभागको निर्णय अन्तिम हुनेछ।

३) तौल सम्बन्धी विवरण खुल्ने गरी सम्बन्धित मालवाहक सवारी साधनको चालकलाई कूल वजनको तौल मापन गरेपछि तौलपुल संचालकले वा तोकिएको कर्मचारीले प्रमाणित गरी **अनुसूची-२** मा उल्लेख गरिए अनुसारको लोडसिट दिनुपर्नेछ।

४) प्रकरण ६ (३) अनुसार पुन: चेक जांच गर्दा तौल फरक परेमा सम्बन्धित तौलपुल र चेकजांच गर्ने कर्मचारीलाई नियमानुसार कारवाही गरिने छ।

७. **तौलपुलहरुको अनुगमन सम्बन्धी व्यवस्था:** संचालित तौलपुलहरुको अनुगमन गर्ने जिम्मेवारी विभाग, मातहतका कार्यालय वा अन्य सम्बन्धित निकायको हुनेछ।

८. **कर्मचारी खटाउन सकिने:** विभागले प्रकरण ४ अनुसार संचालन भएका तौलपुलहरुमा विभाग वा सम्बन्धित यातायात व्यवस्था कार्यालय तथा ट्राफिक प्रहरीलाई भारवहन नियमन गर्न खटाउन सक्नेछ ।

९. **जरिवाना सम्बन्धी व्यवस्था:** अनुसूची-१ मा उल्लिखित अधिकतम कूल वजन वा एक्सललोड भन्दा बढी भारवहन गरेका मालवाहक सवारीलाई प्रचलित कानून अनुसारको जरिवाना गरी भार मिलाएर मात्र सवारी संचालन गर्न दिइनेछ ।

१०. **बढी भार बोकेका सवारी साधनको सामान व्यवस्थापन सम्बन्धमा:**

१) तोकिएको भारवहन क्षमता भन्दा बढी भार बोकी आएका मालवाहक सवारी साधनले प्रचलित कानून अनुसारको जरिवाना गर्नुका साथै बढी भएको सामान झारी सवारी धनीले त्यस्तो सामान भण्डारणको व्यवस्था मिलाउनुपर्नेछ ।

२) भार छुट्टयाउन नसकिने/नमिल्ने सामानको कुलवजन तोकिएको भन्दा बढी भई ढुवानी गर्नु परेको अवस्थामा नजिकको यातायात व्यवस्था कार्यालयबाट पूर्व स्वीकृति लिएर मात्र ढुवानी गर्नुपर्नेछ ।

३) पूर्व स्वीकृति दिंदा तोकिए अनुसारको शुल्क असुल उपर गर्नुपर्नेछ ।

११. **तौलपुल संचालकको कार्य सीमा:** तौलपुलको प्रयोग मालवाहक सवारीसाधनको तौल लिने प्रयोजनक लागि मात्र हुनेछ ।

१२. **तौलपूल संचालन सम्बन्धी विधिको पालना:**

१) सडक विभाग वा सम्बन्धित डिभिजन सडक कार्यालयसंग परामर्श गरेर मात्र तौलपुलको स्थापना र संचालन गर्नुपर्नेछ ।

२) तौलपुल संचालन गर्ने प्रयोजनका लागि सडक सीमा भित्र कुनै किसिमका ढाट वा तगारा राख्न पाइने छैन । तर तौलपुल व्यवस्थित गर्ने उद्देश्यले उपयुक्त स्थानमा राखिएको सूचना पाटी वा संकेत राख्न यस व्यवस्थाले वाधा पुग्ने छैन ।

३) निर्दिष्ट स्थानमा राखिएको तौलपुल प्रयोग नगरी अघि बढ्ने मालवाहक सवारी साधनलाई ट्राफिक प्रहरीको सहयोगबाट अघि बढ्न नदिने गरी रोक्ने व्यवस्था गरिनेछ । त्यस्ता सवारी साधनले सोही तौलपूलको प्रयोग गर्नु पर्नेछ

वा तौलपुल संचालक तथा ट्राफिक प्रहरीको सहमतिमा अघि आउने तौलपुलको प्रयोग गर्नसक्नेछ।

४) तौलपुलको संचालन चौबीसै घण्टा खुल्ला राख्नु पर्नेछ। प्रतीक्षासुची वा काबुबाहिरको परिस्थिति वाहेक १० मिनेट भित्रमा एउटा मालवाहक सवारी साधनको तौलको प्रकिया पुरा गरिसक्नुपर्नेछ।

५) तौलपुल नजिक सूचना तथा सन्देशमुलक बोर्डहरु देखिने गरी राख्ने जिम्मा उक्त तौलपुल संचालन गर्ने संस्थाको हुनेछ। साथै भारवहन तथा तौलपुल संचालनको बारेमा समय समयमा संचार माध्यमहरुमा सूचना र संदेशहरुको प्रचार प्रसार गर्नुपर्नेछ।

**१३. भारवहन क्षमता:**

१) मालवाहक सवारी साधनले अधिकतम पछिल्लो प्रति एक्सल (चार पांग्रा) १०.२ मेट्रिक टनका दरले भार कायम राखी सडकमा संचालन गर्नुपर्नेछ।

२) मालवाहक सवारी साधनको अधिकतम कूल वजन वा भारवहन क्षमताको गणना, एक्सल तथा पांग्राहरुको संख्याको आधार **अनुसूची-१** बमोजिम गर्नुपर्नेछ।

३) मालवाहक सवारी साधनको अगाडिको एक्सलको अधिकतम एक्सल लोड ६ मेट्रिक टन मानिनेछ।

४) प्रकरण १४ (१) बमोजिमको तौल गणना गर्दा सवारी चालक सहित मालवाहक सवारीको कूल वजनलाई गणना गरिनेछ।

५) निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु (माटो, ढुंगा, रोडा, बालुवा) बोक्ने टिपरको हकमा विभागले तोकेको ढाँचामा ढालाको उचाई तथा बडीको आयतन कायम गरी बडी बनाई निर्माण सामग्री ढुवानी गर्न सकिनेछ। यस्तो अवस्थामा अनुगमन प्रयोजनका लागि तौलपुलको प्रयोग तथा लोडसिटको आवश्यकता पर्नेछैन। टिपरको ढालाको आयतन **अनुसूची ३** अनुसार हुनुपर्नेछ।

६) बिशेष परिस्थितिमा पेट्रोलियम पदार्थ तथा ग्यासबुलेटहरुलाई तौलपूलको प्रयोग नगरी सामग्री ढुवानी गर्न गराउन सकिनेछ । तर त्यस्ता टयांकर तथा बुलेटहरुलाई अनुगमन प्रयोजनका लागि सम्बन्धित निकायले जारी गरेको बिल-बिजक आवश्यक पर्नेछ ।

१४. **बिबिध:**

१) यस निर्देशिकामा उल्लिखित कुनै पनि विषयमा यातायात व्यवस्था विभागको सिफारिशमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यकता अनुसार संशोधन वा खारेजी गर्न सक्ने छ ।

२) यो निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा पर्न गएमा त्यसको ब्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार विभागलाई हुनेछ ।

३) तौलपूल संचालन सम्बन्धमा विभागले दिएको निर्देशन सम्बन्धित निकायहरुले पालना गर्नु पर्नेछ ।

४) यस निर्देशिकामा नसमेटिएको अन्य बिषयहरुमा प्रचलित ऐन, नियम प्रतिकूल नहुने गरी विभागले दिएको निर्देशन बमोजिम हुनेछ ।

५) यो निर्देशिका अन्य कुनै प्रचलित कानूनसंग बाझिएको हकमा बाझिएको हदसम्म यो निर्देशिकाका प्रावधान अमान्य हुनेछन ।

# अनुसूची-१

## (मालवाहक सवारी साधनको कुल वजन/भारवहन क्षमता)

| सि.नं. | सवारीको प्रकार | अधिकतम एक्सल भार, | अधिकतम सवारीको कूल |
|---|---|---|---|
| १. | दुई एक्सल (चार पांग्रा) | | १२.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (२ पांग्रा) | ६.० | |
| २. | दुई एक्सल ६ पांग्रा | | १६.२ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (४ पांग्रा) | १०.२ | |
| ३. | तीन एक्सल ट्रक | | २५ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (आठ पांग्रा: Tandem) | १९.० | |
| ४. | चार एक्सल ट्रक (१२ पांग्रा) | | ३१.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | लिफ्ट एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (८ पांग्रा- Tandem) | १९.० | |
| ५. | चार एक्सल (१४ पांग्रा) | | ३०.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडीका (३ एक्सल ट्राईडेम: १२ | २४.० | |
| ६. | पाँच एक्सल (१८ पांग्रा) | | ४०.२ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | बिचको एक्सल (४ पांग्रा) | १०.२ | |

| सि.नं. | सवारीको प्रकार | अधिकतम एक्सल भार, | अधिकतम सवारीको कूल |
|---|---|---|---|
| | पछाडीका (३ एक्सल ट्राईडेम: १२ पांग्रा | २४.० | |

नोट: सवारीले बोक्न पाउने अधिकतम कुल वजन निम्न अनुसारको एक्सल लोडको योगफल हुने छः-

१. सवारीको अगाडिको वा अन्य दुई पांग्रा जोड्ने एक्सल: ६ टन

२. एकल एक्सल (यदि नजिकको अर्को एक्सल २.५ मिटर भन्दा टाढा भएमा) : १०.२ टन

३. Tandem एक्सल: १९ टन

४. Tridem एक्सल: २४ टन

## अनुसूची – २

## (लोडसिटको नमुना)

लोड सिटमा

| | |
|---|---|
| | संस्थाको नाम: |
| मिति: | स्थान: .................... सडकको नाम: ...................... |
| तौल गरेको समय: | |
| सवारीको दर्ता नं. : | |
| सवारीको कूल वजन: | |
| कर्मचारीको नाम: | |
| कर्मचारीको हस्ताक्षर: | |

संस्थाको छाप:

# अनुसूची ३
## टिपरको भारवहन नियन्त्रण गर्ने सम्बन्धी ढालाको आयतन

| क्र. स. | टिपरको किसिम | ढालाको आयतन, घन मि. |
|---|---|---|
| १ | चार पांग्रे | ३ |
| २ | छ पांग्रे (सानो) | ५ |
| ३ | छ पांग्रे ठुलो | ७.५ |
| ४ | १० पांग्रे | १२ |
| ५ | १२ पांग्रे | १४.५ |